राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
National Natural Resources and Fiscal Commission

प.सं.: ०७८/०७९
च.नं./Ref: २९६

# प्रेस विज्ञप्ति

आयोगका माननीय अध्यक्ष श्री बालानन्द पौडेलज्यूबाट प्रदेश प्रमुखको कार्यालय, गण्डकी प्रदेश, पोखरामा मिति २०७८ चैत्र १० गते आयोजित एक समारोहका बीच माननीय प्रदेश प्रमुख श्री पृथ्वीमान गुरुङज्यू समक्ष आयोगको प्रदेशगत (गण्डकी प्रदेश) तेस्रो वार्षिक प्रतिवेदन पेश गर्नुभयो। समारोहमा माननीय अध्यक्षज्यूबाट प्रतिवेदनको संक्षिप्त व्यहोरा प्रस्तुत गर्दै कार्य सम्पादनमा आधारित अनुदानलाई नतिजामा आबद्ध गर्दै प्रदेशको कार्य सम्पादनलाई प्रोत्साहन गर्दै लगिने आयोगको सोच रहेको बताउनुभयो। साथै, प्रतिवेदनमाथि प्रदेश सभामा छलफल हुने प्रक्रिया सम्बन्धमा स्पष्टता हुनुपर्ने कुरामा जोड दिनुभयो।

प्रतिवेदन ग्रहण गर्दै प्रदेश प्रमुख माननीय पृथ्वीमान गुरुङज्यूले सङ्घीयताको सुदृढीकरणको लागि तहगत सरकारहरूबीच स्रोतको न्यायोचित र समानुपातिक वितरण हुनुपर्ने बताउनुभयो। प्रदेशको कार्य सम्पादनमा सुधार ल्याउन सङ्घ सरकारले समयमै कानून निर्माण गरी सहयोग गर्नुपर्ने बताउँदै संवैधानिक निकायहरूले मिहिनेतसाथ तथ्य तथ्याङ्क विश्लेषण गरी तयार गरेका प्रतिवेदनहरू कार्यान्वयनमा तीनै तहका सरकारहरू जिम्मेवार बन्नुपर्नेमा जोड दिनुभयो।

२०७८।१२।११

(कृष्ण बहादुर बोहरा)
सहसचिव एवम् प्रवक्ता